**पुतलीबजार नगरपालिका**

**नगर कार्यपालिकाको बैठक**

बैठक संख्या :- ११०

मिति :-२०८१/०६/१६

बैठक स्थान :- नगरपालिकाको सभाहल

**निर्णय नं. १**

विगतको कार्यपालिकाको बैठकबाट भएका निर्णयहरुको समिक्षा गरियो. निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो । आ.व. ०८१/०८२ का योजना तथा कार्यक्रम शीघ्र रुपमा सञ्चालन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

नगरपालिका अर्न्तगतका नगर तथा वडास्तरीय सडकहरु र प्रमुख व्यापारिक केन्द्रहरुसँग जोडिएका सडकहरु आगामी पावन पर्व बडा दशैंलाई आधार मानी हुने यात्रुहरुको आवतजावतमा सहजता पुग्ने गरी वडा समितिको अगुवाइमा सरसफाई तथा मर्मत संभार कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

वडा तथा नगरस्तरीय प्रमुख सडकहरुमा परेका लाभग्राहीहरुको जग्गाको वडा कार्यालय मार्फत लगत संकलन गरी सोको नापजाँचसहित कित्ताकाट गर्ने कार्यका लागि मालपोत कार्यालय , नापी कार्यालय स्याङ्जालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

सडक बत्ती जडानका लागि यस पूर्वको जडान क्षेत्र, हाल जडान गरिनुपर्ने दुरी र वडाबाट माग भएको बल्ब संख्या र क्षेत्रबीच दोहोरोपना नहुने गरी तालमेल गराई वडाको सिफरिसका आधारमा यस वर्षको विनियोजित बजेटबाट जडान गर्ने प्रबन्ध मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

वडाबाट प्राप्त भएका बेरोजगार दर्ता फाराम अनुसारको बेरोजगार व्यक्तिको विवरण EMIS मा प्रविष्ट भएका बेरोजगार व्यक्तिको तपशिल बमोजिमका वडा अनुसारको विवरण/ संख्या कार्यपालिकाबाट स्वीकृत गरियो ।

| क्र स | वडा न | लाभग्राही संख्या |
|---|---|---|
| १ | २ | ३५ |
| २ | ३ | ४६ |
| ३ | ४ | ६६ |
| ४ | ५ | ५९ |
| ५ | ६ | ६५ |
| ६ | ७ | ७५ |
| ७ | ८ | ६३ |
| ८ | ९ | २७० |
| ९ | १२ | ११० |
| १० | १३ | २८३ |
| ११ | १४ | ४३ |
| जम्मा | जम्मा | १११५ |

तुलसी राम रेग्मी
प्रमुख

**निर्णय नं. ६**

टोल विकास संस्थामा सहजीकरण गरी घुम्ति कोष असुल गरी कार्यालयमा बुझाउन ल्याउने टोल विकास संस्थाको पदाधिकारी सदस्य वा कर्मचारीलाई विगत वर्षमा दिदै आएको यातायात तथा खाजाखर्च मिति २०८१/०४/०१ गते बाट अर्को व्यवस्था नभएसम्म उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

टोल विकास संस्था मार्फत सरसफाई शुल्क असुली शिर्षकमा प्राप्त रकम सम्बन्धित टोलको सरसफाई अभियानमा खर्च गर्ने गरी सम्बन्धित टोलबाट प्राप्त रकमको २५ प्रतिशत हुन आउने रकम सम्बन्धित टोल विकास संस्थालाई अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

वैदेशिक रोजगार सुरक्षित आप्रवासन कार्यक्रम सामी को सूचना तथा विज्ञापन अनुसार लिखित र अर्न्तवार्ता लिई नतिजा प्रकाशन गर्ने कार्यका लागि देहाय बमोजिमको दक्ष तथा विज्ञ समुहलाई पाठ्यक्रम निर्माण ,प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परिक्षण, नतिजा प्रकाशन गर्ने सम्बन्धमा आवश्यक निर्णय लिन एवं कार्यसम्पादन गर्ने अधिकार एवं जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

दक्ष तथा विज्ञ सदस्य – शुरेस ढकाल श्रम तथा रोजगार कार्यालय पोखरा
दक्ष तथा विज्ञ सदस्य – बाबुराम बराल अधिकृत दशौं पु.ब.न.पा.
दक्ष तथा विज्ञ सदस्य – धन प्र. कोइराला अधिकृत आठौं पु.ब.न.पा.

**निर्णय नं. ९**

आ.व ०८१/०८२ का नगरपालिका र मातहतका निकायमा कार्यरत कर्मचारीहरुको तलबी प्रतिवेदन खाइपाइ आएबमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

पु.ब.न.पा. – १ टुँडिखेल स्थित हङ्काङ पार्क निजीस्तरबाट निर्माण भई यस नगरपालिकामा हस्तान्तरण गरिएको र उक्त पार्कको सौन्दर्यतालाई कायम राख्न र सानातिना मर्मत सम्भारका कार्यहरु समेत गर्नका लागि एक जना हेरालु आवश्यक रहेको हुँदा पु.ब.न.पा. – १ स्थित शान्तीमान श्रेष्ठलाई २०८०/०९/०१ देखि मासिक रु ८०००।– ज्यालादारीमा ६ महिनाका लागि सेवा करार गरिएकोमा निजलाई अर्को व्यवस्था नभएसम्मका लागि सोही शर्तमा निरन्तरता प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

पुतलीबजार नगरपालिका वडा नं. ७ स्थित ठुलाडिही स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्र नौबिसेमा रिक्त रहेको कार्यालय सहयोगीको पदमा मिति २०८१/०५/०२ देखि ज्यालादारीमा कामकाज मा लगाइएको कार्यालय सहयोगी इन्द्रा गुरुङ र लक्ष्मी रेग्मी लाई दैनिक ज्यालादारीमा न्युनतम पारिश्रमिक रु १७३००।– पाउने गरी कामकाज गराउने निर्णय गरियो । साथै नगरकार्यपालिकाको कार्यालयमा हालै रिक्त हुन आएको कार्यालय सहयोगी पदमा समेत सोही शर्तमा का.स नियुक्ति गर्ने प्रबन्ध मिलाउने निर्णय गरियो ।

तुलसी राम रेग्मी
नगर प्रमुख

**निर्णय नं. १२**

पुतलीबजार नगरपालिका क्षेत्र भित्र आ.ब.२०८०/८१ सम्म घर निर्माण सम्पन्न भएका तर यसनगरपालिकामा हाल सम्म कुनै पनि अभिलेखीकरण नभएका निजी घरहरुलाई मात्र तपसिलमा उल्लेखित शर्तहरु पूरा गरेमा हाल अभिलेखीकरण गर्दा लाग्ने दस्तुर को ५०% छुट दिई घर नक्शा प्रमाणित गरी अभिलेखीकरण प्रमाण पत्र प्रदान गर्ने निर्णय गरिएकोमा पुनः सोहि बमोजिम २०८१ कात्तिक मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो |

शर्तहरु

१. घरनक्शामा हालको सडक/पुल/खोला/नहर/नालीको मापदण्ड Floor Area Plan मा उल्लेख गरी Bulit Up Floor Area र मापदण्ड कटाएपछिको Floor Area उल्लेख गर्नुपर्ने |
२. Location Plan, Site Plan, Floor Plan, View र X-Section अनिवार्य पेश गर्नुपर्ने र Floor Plan and Elevation Hatch गर्नुपर्ने |
३. अभिलेखीकरणको दस्तुर हिसाब गर्ने बिधि =नक्शा पास गर्दा हुने दस्तुर X३/२

**निर्णय नं. १३**

ढुङ्गा ,गिटी, बालुवा, नदीजन्य पदार्थ संकलन तथा बिक्री बन्दोबस्तका लागि फिल्ड खटाईएका कार्यालय सहयोगी सुजन रानाभाट लाई खटाईएको अवधिमा हुन गएको खाजा तथा खाना खर्च वापतको रु १०८५०।– को भूक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

पुतलीबजार नगरपालिका १४ स्थित चण्डीकालिका मन्दिरमा २०८१ को बडादशैं पूजा खर्च व्यवस्थापनका लागि संस्कृति तथा पञ्चेबाजा संरक्षण तथा प्रबर्द्धन शिर्षकबाट रु २०००००।– उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५**

पुतलीबजार नगरपालिका १० स्थित वडा कार्यालयमा पार्टिशन गरी स्वास्थ्य केन्द्र समेत सञ्चालन गर्नुपर्ने भएकोले मर्मत संभार कोष शिर्षकबाट रु २५००००।– रकम उपलब्ध गराई कार्यालय व्यवस्थापनको प्रबन्ध मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १६**

बर पीपल समी चौतारो संरक्षण ऐन २०७५ को दफा ९ बमोजिम बर पीपल समी चौतारो संरक्षण समितिमा देहाय बमोजिमको सदस्य मनोनयन गर्ने निर्णय गरियो ।

वडा अध्यक्ष/सदस्यः- .जितेन्द्र प्रकाश मल्ल, वडा नं. १४

स्थानीय समाजसेवी महिला सदस्यः- हिरादेवी शर्मा, पु.ब.न.पा.- १

स्थानीय समाजसेवी सदस्यः-मखमली श्रेष्ठ, पु.ब.न.पा. - ३

तुलसी राम रेग्मी
नगर प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

**निर्णय नं. १७**

गर्दा तपसिल वमोजिमका योजनाहरुकोको निर्माणकर्ताले पेश गरेको कारणलाई मनासिव देखि देहायको मितिसम्म तोकिएको शर्तमा म्याद थप गर्ने निर्णय गरियो ।

| क्र.स | योजनाको नाम | ठेक्का नं | कायम रहेको मिति | कायम हुने मिति | शर्त |
|---|---|---|---|---|---|
| १. | Taapu Irrigation Project,Putalibazar Municipality-13 | 05/PM/WORKS/NCB/079/080 | २०८१/०६/३० | २०८१/०८/३० | |
| २. | Supply and Delivery of Refuse Compactor Vehicle | 08/PM/NCB/GOODS/080/081 | २०८१/५/३१ | २०८१/०६/३० | |

**निर्णय नं. १८**

प्रगतिनगर बहाकोट नाम्चे कल्लु सडक निर्माणकर्ता श्री लामा कन्स्ट्रक्सनले वडा नं १४ मा रहेको पक्कीपुल मुनिको निर्माण सामग्री माग गरेको सम्बन्धमा मिति २०८०/११/२२ गतेको जिल्ला विपद समितिबाट सो पुल मुनिको नदीजन्य सामग्री उत्खनन् गर्नका लागि निर्णय भएको, यस नगरपालिकाबाट स्वीकृत आ.ई.ई प्रतिवेदनमा सो पुल मुनिबाट ४९०० घन.मी नदीजन्य सामग्री उत्खनन गर्न सकिने जनाएको साथै उक्त योजना प्रगतिनगर बहाकोट नाम्चे कल्लु सडक यस नगरपालिकाको नगर गौरबको वैदेशिक सहयोगमा सञ्चालित योजना भएको हुँदा नियमानुसार दस्तुर लिई नदीजन्य सामग्री उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १९**

पुतलीखेत सतौं सडक (बैंदी आमडाँडा), ( 04/PM/NCB/WORKS/079/080 ) को मिति २०८१/०१/१६ गतेको नगरकार्यपालिकाको निर्णय वमोजिम भेरिएसन प्रक्रिया अगाडी बढाइएकोमा सम्बन्धित निर्माण व्यवसायीबाट Rate Negotiation गरि साबिकको रु ९८०७०७८२.५८ मा हुन आएको नयाँ सम्झौता (नयाँ सम्झौता रकम: रु. ९७२८४७११.६७) लाई अनुमोदन गर्ने निर्णय गरियो। साथै यस नगरपालिकाबाट कार्यान्वयन भएको ठेक्का Construction of Malebagar Covered Hall (PBM/WORKS/NCB-07/076/077 )को यस नगरपालिकालाई थप दायित्व सिर्जना नहुने गरी भेरिएसन गरी निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं. २०**

यस नगरपालिका समक्ष पेश हुन आएका देहाय बमोजिमका योजना तथा कार्यक्रमलाई उल्लेखित रकम विनियोजन गरी उपलब्ध गराउने निर्णय गरियो ।

**देहाय**

पु.ब.न.पा.-१३ माझमुडी –ठुलाखेत –सिंचाई कुलो मर्मत सुधार – रु ५००००।– मर्मत संभार कोषबाट ।

पु.ब.न.पा.- १, चण्डीमाई गुठी मन्दिर निर्माण सुधार – रु १०००००।– मर्मत संभार कोषबाट ।

पु.ब.न.पा.-१, क्रियापुत्री भवन संरक्षण तथा खानेपानी योजना व्यवस्थापन – १५००००।– मर्मत संभार कोषबाट।

पु.ब.न.पा.- ५ नुवाकोट काला भैरव मन्दिर पुजा व्यवस्थापन सहयोग – रु ३५०००। संस्कृति तथा पञ्चेबाजा संरक्षण तथा प्रबर्द्धन कोषबाट ।

पु.ब.न.पा.- १२ जाँडखोला – पेल्काचौर सडकको पहिरो नियन्त्रणका लागि प्राविधिक प्रतिवेदनको आधारमा आवश्यक पर्ने रु ६ लाख रकम मर्मत संभार कोषबाट ।

पु.ब.न.पा.- १३, राष्ट्रिय खानेपानी निर्माण सुधार अर्न्तगत बोडीखोला-गिजिनडाँडा –हिरापाटा –जिमिरे-बिर्ता खानेपानी तथा सरसफाई – रु १०००००।- मर्मत संभार कोषबाट ।

तुलसी राम रेग्मी
नगर प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

<u>निर्णय नं. २१</u>

स्थानीय सरकार सञ्चालन ऐन २०७८ को परिच्छेद ३ दफा ११ (२) उपदफा १ घ बमोजिम तथा गण्डकी प्रदेश सरकार द्धारा जारी आ.व. २०८१/०८२ को आर्थिक ऐनको अनुसूची ७ बमोजिमको दररेट रु ९ प्रति फिट एवं पेश हुन आएको प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदनको अधिनमा रही पुतलीबजार नगर क्षेत्रभित्रका नदी नालाहरुमा नदीजन्य पदार्थ ढुँगा, गिटी, बालुवा, दहत्तर/बहत्तरको संकलन बिक्री तथा निकाशी कर असुली एवं ठेक्का वन्दोबस्त गर्ने कार्यका लागि ३० दिने बोलपत्र (ठेक्का आह्वान) आह्वान तथा सूचना प्रकाशन गर्ने निर्णय गरियो । साथै सिंचाई डिभिजन कार्यालयको माग तथा वडा नं १३ र ११ बिचको नदी नियन्त्रण तथा तटबन्धन निर्माणका लागि ३३०० घनमिटर ढुगां उपयोग गर्न दिई बाँकी प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदनको आधारमा ठेक्का बन्दोबस्त गर्ने प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

| क्र. स. | नदी नालाहरुको विवरण | उत्खनन् गरेको घाटको विवरण | उत्खनन् गर्ने परिमाण (घन मिटरमा) | न्युनतम ठेक्का अङ्क (रु. मा) (मु.अ.कर समेत) |
|---|---|---|---|---|
| १ | आँधिखोला | छिडी खल्लुबोट घाट | २११३५ | ७५,८३,१८७।- |
| २ | सुरौदी खोला | सुरौदीखोला प्यूरीदोभान घाट | ११७७.५ | ४,२२,४८४।- |
| ३ | आँधिखोला | राङखोला दोभानदेखि लामपाटा पक्की पुलमाथिको भाग | १७४९३.७५ | ६२७६७१५.५१ |

तुलसी राम रेग्मी
नगर प्रमुख